नेपाल सरकार
# शान्ति तथा पुनर्निर्माण मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
नेपाल । (अनुगमन तथा मूल्याङन शाखा)

पं. सं. ०६७६७८अनुगमन शाखा । च.नं. :

मिति २०६७८।२९

बिषय : प्रगति बिवरण पठाउने बारे

**श्रीमान् उप सचिवज्यू, श्रीमान् कार्यकम वा शाखा प्रमुखज्यू, श्रीमान् सि.डि.इ.ज्यू हरु**
**प्रशासन शाखा,योजना कार्यक्रम तथा समन्वय शाखा ,बैदेशिक सहयोग समन्वय शाखा , राहत तथा तथ्याङ्क शाखा,पुनर्स्थापन शाखा, द्वन्द्व बिश्लेषण तथा नीति निर्माण शाखा, बारुदी सुरुङ्ग ब्यबस्थापन शाखा, शान्ति प्रकिया समन्वय तथा अनुगमन शाखा, आयोग समिति समन्वय शाखा, स्थानीय शान्ति समन्वय शाखा, कानून तथा मानवाधिकार शाखा,  सूचना संचार तथा जनसम्पर्क शाखा, भौतिक पूर्वाधार तथा पुनर्निर्माण शाखा, द्वोण्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजना शाखा, सामाजिक पूर्वाधार तथा पुनर्निर्माण शाखा**
**शान्ति तथा पुनर्निर्माण मन्त्रालय तथा अन्तरगतका निकायहरु, काठमाण्डौ ।**

उपरोक्त बिषयमा त्यस शाखा वा कार्यक्रमद्धारा सम्पन्न गरिने तथा गराईने दुवै प्रकारका योजना एवं कार्यक्रको मासिक प्रगति विवरण हरेक महिनाको ३ गते भित्र यस शाखाले संकलन गर्ने र ७ गते भित्रमा प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय,राष्ट्रिय योजना आयोग,अर्थ मन्त्रालयका लगायतका सरोकारवाला निकायमा अनिवार्य रुपमा पठाउनुपर्ने व्यहोरा तहाँलाई जानकारी भएकै विषय हो ।

विगताका स्टाफ वैठक एवं प्रगति समिक्षा वैठकमा समेत पटक पटक निर्णय गरी सबै शाखा वा कार्यक्रमलाई प्रगति विवरण हरेक महिनाको ३ गते भित्र पठाउन अनुरोध गरिए तापनि राहत ईकाइ र केन्द्रीय शिविर व्यवस्थापन समन्वयकर्ताको कार्यलयवाट मात्र नियमित रुपमा औपचारिक पत्रका साथ मासिक प्रगित विवरण प्राप्त हुने गरेको छ भने अन्य शाखा तथा निकायहरुको प्रगति विवरण यस शाखाले नै हरेक महिना आफैं संकलन गर्दै आएको छ । यसरी संकलन गर्दा समयमा प्रगति बिबरण पठाउने काममा ढिलाई हुन गएको ब्यहोरा तहाँलाई  अबगत नै छ ।

अतः अव उप्रान्त प्रत्येक शाखा वा कार्यक्रमले प्रत्येक महिनाको ३ गते भित्र आफ्नो मासिक, द्धैमासिक, चौमासिक अर्धबार्षिक र बार्षिक प्रगति बिबरण (कार्यक्रम र आयोजना एवं मन्त्रालयको माग अनुसार) मन्त्रालयको योजना कार्यक्रा शाखामा पठाई अनुगमन तथा मूल्याङन शाखामा एक प्रति प्रगति बिबरण सहितको बोधार्थ अनिवार्य रुपमा पठाइ दिनु हुन पुनः अनुरोध गर्दछु । कुनै महिनामा प्रगति नभएमा पनि सो को कारण सहितको जानकारी उपरोक्त अनुसारको दुवै शाखामा अनिवार्य रुपामा पठाई दिने व्यवसथा यहि २०६७ पौष महिना देखि लागु हुन समेत अनुरोध गर्दछु ।

नोट :- प्रगति पठाउदा staff@peace.gov.np र  अनुगमन शाखाको ईमेल sharmapp43@yahoo.com मा पनि बिद्युतिय कपि उपलव्ध हुन अनुरोध छ ।

प्रेम प्रसाद संजेल
उप सचिव
अनुगमन तथा मूल्याङन शाखा

बोधार्थ तथा कार्यार्थ
श्रीमान् सचिव ज्यू , शान्ति तथा पुनर्निर्माण मन्त्रालय
श्री शान्ति कोष सचिवालय, नेपाल औषधी लिमिटेड भवन बबरमहल, काठमाण्डौ :  उपरोक्तानुसार हुन अनुरोध छ ।
श्री राहत तथा पुनर्स्थापन ईकाई बबरमहल काठमाण्डौ :  उपरोक्तानुसार हुन अनुरोध छ ।
श्री द्वन्द प्रभाबित ब्यक्ति,परिवार तथा संरचनाको लगत संकलन कार्यदल ,बबरमहल काठमाण्डौ :  उपरोक्तानुसार हुन अनुरोध छ ।
श्री स्थानीय पूर्वाधार विकास तथा कृषिसडक विभाग **(DOLIDAR)**,जावलाखेल ललितपुर :  उपरोक्तानुसार हुन अनुरोध छ ।
श्री शहरी विकास तथा भवन निर्माण विभाग, ववरमहल काठमाण्डौ :  उपरोक्तानुसार हुन अनुरोध छ ।
श्री शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालय, सिंहदरवार, काठमाण्डौ  :  उपरोक्तानुसार हुन अनुरोध छ ।

**"सबै नेपाली शान्तिको खोजीमा"**
**फोन नं.:** ४२११९८९, ४२११७९, ४२१११७३, ४२११०९३, ४२१११७०, ४२१११७२ **फ्याक्स :** ४२१११८६
e-mail: info@peace.gov.np
Website: < www.peace.gov.np>